## मिति २०८०/०४/१८ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १**

यस नेपालगंज उप-महानगरपालिका न्यायिक समिति सदस्य निर्वाचनको मिति २०८०/०४/२१ गते आईतबारका दिन हुने मतदान कार्यक्रम सोहि दिन दिनको १:०० देखि ३:०० बजेसम्म नगरकार्यपालिकाको परिसरमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नेपालगंज उप-महानगरपालिका अन्तर्गत वडा नं. ०२ मा बसोबास गर्ने स्व. भगौती प्रसाद तमौलीको पत्नी बेलमता तमोलीले नगरपालिकाको कार्यालयमा मिति २०७८/११/११ गते क्षतिपूर्ति पाउँ भनि निवेदन पेश गरेको सो विषयमा यस नगरपालिकाका कानुनी सल्लाहकार अधिवक्ता लोकबहादुर शाहले दिनु भएको कानुनी रायमा निवेदकको कि.नं. ४२४ को जग्गामा वि.स. २०५९ साल भन्दा पहिले नै सार्वजनिक पक्की सडकवाटो निर्माण भएको सडक निर्माण कार्य तत्काल रोक्न तथा क्षतिपूर्तिको लागि तत्-समयमा जग्गाधनिको कुनै पनि किसिमको उजुर वाजुर मुद्दा मामिला परेको नदेखिएको, निवेदन पत्रको साथमा संलग्न जग्गा खिचौला मुद्दामा भएको अन्तिम फैसला हेर्दा स्थानीय निकायले क्षतिपूर्ति दिनुपर्ने गरी फैसला भएको नदेखिएको हुँदा निवेदकको कि.नं. ४२४ को जग्गा नयाँ नापीमा कि.नं. ७८ कायम भई कि.नं. मा पिच सडक वाटो देखिएको, वि.स. २०५९ सालभन्दा पहिले नै सडक बाटो निर्माण भईसकेको जग्गाको हाल आएर क्षतिपूर्ति दिन मिल्ने स्पष्ट कानूनी व्यवस्था समेत भएको नदेखिदा निवेदन माग दावी बमोजिम क्षतिपूर्ति दिन मिल्ने व्यवस्था नदेखिएको हुँदा सोको क्षतिपूर्ति बापतको रकम दिन नसकिने व्यहोरा निजलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस नेपालगंज उप-महानगरपालिकाको क्षेत्रभित्र रहेको रत्न राजमार्गको अतिक्रमण भएको सडक सीमा खाली गराउन डिभिजन सडक कार्यालयबाट प्रकाशित सूचना बमोजिम आवश्यक समन्वय एवं सहजिकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

यस नेपालगंज उप-महानगरपालिकामा संचालन भईरहेका ई-रिक्सा चालकको अनुमती पत्र व्यवस्थापनका लागि यस कार्यालयमा रहेका कर्मचारीहरुले मात्र व्यवस्थापन गर्न कठिन भएको नगर प्रहरी राखी व्यवस्था गर्दा दिर्घकालीन दायित्व सृजना हुने भएकोले नगरपालिकाको प्रशासनिक खर्चको सीमासमेतलाई मध्यनजर गर्दै नेपालगंज उप-महागरपालिकाको विद्युतिय रिक्सा व्यवस्थापन कार्यविधि, २०७८ अनुसारको रकम लिई नगरपालिकालाई बुझाउन अधिकतम बोल कबोल गर्ने सेवा प्रदायक संस्थाबाट सेवा लिनका लागि प्रस्ताव आह्वान गर्ने  निर्णय गरियो ।

CamScanner

मिति २०८०/०४/१८ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. ५

यस नेपालगंज उप-महानगरपालिका क्षेत्रको बजार व्यवस्थापन तथा राजश्व संकलन कार्य यस कार्यालयमा रहेका कर्मचारीहरुले मात्र व्यवस्थापन गर्न कठिन भएकोले कर्मचारी राखी व्यवस्था गर्दा दिर्घकालीन दायित्व सृजना हुने र नगरपालिकाको प्रशासनिक खर्चको सीमासमेतलाई मध्यनजर गर्दै बजार व्यवस्थापन तथा राजश्व संकलन कार्यमा सहजिकरण गर्नका लागि कार्य क्षेत्रगत शर्त (TOR) तयार गरी सेवा प्रदायक संस्थाबाट सेवा करारमा लिने निर्णय गरियो ।

निर्णय नं. ६

यस नेपालगंज उप-महानगरपालिकाको नगर यातायात गुरुयोजना नबनेसम्म ६ मिटरमा नघट्ने गरि टोल विकास संस्थाको घटिमा ५१ प्रतिशतले निर्णय गरि वडा कार्यायको सिफारिस भै आएमा मापदण्ड कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस नेपालगंज उप-महानगरपालिका मर्मत संभार कोष संचालन निर्देशिका निर्माणको लागि सैद्धान्तिक सहमती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

यस नेपालगंज उप-महानगरपालिका वडा नं. २३ मा अवस्थित ल्याण्डफिल साईटको वरीपरि मिति २०७४/११/२७ मा कायम भएको मापदण्डले सम्बन्धित व्यक्तिले संरचना निर्माण गर्न मापदण्ड संसोधन गर्न अनुरोध भै आएमा नयाँ मापदण्ड निर्माण गरी लागु गर्ने देहायको समितिको गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १ | नगर प्रमुख श्री प्रशान्त विष्ट | संयोजक |
| २ | नगर उप-प्रमुख श्री कमरुद्दिन राई | सदस्य |
| ३ | वडा अध्यक्ष वडा नं. १ प्रमोद रिजाल | सदस्य |
| ४ | वडा अध्यक्ष वडा नं. २ मनोज कुमार श्रेष्ठ | सदस्य |
| ५ | वडा अध्यक्ष वडा नं. ४ गोपाल पुन | सदस्य |
| ६ | वडा अध्यक्ष वडा नं. १८ दिपक बर्मा | सदस्य |
| ७ | वडा अध्यक्ष वडा नं. २० कौशल कुमार धोबी | सदस्य |
| ८ | वडा अध्यक्ष वडा नं. २१ राज कुमार साहु तेली | सदस्य |
| ९ | ईन्जिनियर भुपेन्द्र बोहरा | सदस्य-सचिव |

CamScanner

मिति २०८०/०४/१८ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. ९

यस नेपालगंज उप-महानगरपालिका नगरकार्यपालिका अन्तर्गत रहेका विभिन्न महाशाखा/शाखा र वडा कार्यालयहरुमा कार्यरत सेवा करारमा रहेका गत विगत आ.व. देखि निरन्तर रुपमा कामकाज गर्दै आईरहेका कर्मचारीहरुको साविकको सेवा सुविधा निरन्तर रहेन गरी मिति २०८० असोज मसान्त सम्म सेवा करारको म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

यस नेपालगंज उप-महानगरपालिका अन्तर्गत रहेका वडा कार्यालयहरुमा वडा सचिव र लेखापालहरुको कमी भएको र एक जना वडा सचिव र लेखापालले एक भन्दा वढी वडा कार्यालयमा कामकाज गर्नुपर्ने भएकोले कर्मचारी पदपूर्ति नहुँदा सम्मका लागी थप एक, दुई र तिन वटा वडा हेर्ने वडा सचिवलाई क्रमश ४०००, ६००० र ८००० तथा थप एक, दुई र तिन वटा वडा हेर्ने लेखापाललाई क्रमश ३०००, ५००० र ६५०० थप अतिरिक्त सुविधा दिने निर्णय गरियो ।

निर्णय नं. ११

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बतिसौं वार्षिक प्रतिवेदनबाट स्थानीय तहका लागी दिईएका सुझाव र यस नेपालगंज उप-महानगरपालिकाको कार्यान्वयको अवस्थालाई छलफल गरी जानकारी लिईयो ।

निर्णय नं. १२

यस नेपालगंज उप-महानगरपालिकाको वडा नं. १ र १८ मा रहेको वाटर पार्क संचालनको ठेक्का लिएको के.सी. सप्लायर्स नेपालगंज - ०१ बाँकेले मिति २०७७/०९/२९ गते गरेको सम्झौता र मिति २०७८/०१/०७ को कार्यादेश अनुसार तपसिलका शर्तहरु पालना नगरेको हुँदा बाँकी गर्नुपर्ने असुल सरकारी बाँकी सरह असुल उपर गरी ठेक्का सम्झौता रद्द गर्ने निर्णय गरियो ।

१. सम्झौताको बुँदा नं. ३ मा वाटरपार्कको दक्षिण तर्फ पार्कको प्रयोगमा नआएको जग्गाको ज.वि.५ कठ्ठा १० धुर जमिन मध्ये १ कठ्ठा र १० धुर जमिन उत्तर तर्फको क्यान्टिन प्रयोजनार्थ प्रथम पक्षद्धारा दोस्रो पक्षलाई उपलब्ध गराउने र उक्त १ कठ्ठा १० धुर जमिनको मोहडा उत्तर तर्फको बाटो सँग जोडिएको ४१.९४ मिटर, पश्चिम तर्फ २४ मिटर, दक्षिण तर्फ ३५ मिटर र पूर्वतर्फ १० मिटरको हुनेछ । भन्ने कुरा उल्लेख भै उप-महानगरपालिकाले सो जग्गा समेत उपलब्ध गराएकोमा हालसम्म क्यान्टिन संचालन नगरी जग्गा खाली छाडेको ।

CamScanner

मिति २०८०/०४/१८ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

२. वाटरपार्कलाई पर्यटकिय स्थल बनाउनको लागी बोटिङ्ग समेत संचालन गर्ने भनि बोटिङ्ग शुल्क समेत सम्झौताको शर्त नं. १२ मा उल्लेख भएको भएतापनि बोटिङ्ग कार्य संचालन नगर्दा सो क्षेत्रलाई पर्यटकिय आकर्षणको केन्द्रविन्दु बनाउन उदासिनता देखाएको ।

३. सम्झौताको बुँदा नं. ६ मा किस्ता रकम प्रत्यक ६/६ महिनामा अग्रिम बुझाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा तोकिएको समयमा किस्ता रकम नबुझाएको ।

४. सम्झौताको बुँदा नं. १० मा दोस्रो पक्षले तोकेको समयमा रकम नबुझाएमा ३ महिना सम्मको वार्षिक १० प्रतिशतका दरले व्याज हर्जाना लगाइनेछ र ३ महिना नाघेमा सम्झौता स्वत भंग हुनेछ भन्ने व्यवस्था भएकोमा अन्तिम पटक मिति २०७९/०२/०५ मा किस्ता जम्मा गरेको र सो भन्दा पछिको किस्ता रकम जम्मा नगरी जरिवाना बाहेक मिति २०८० असार मसान्त सम्म रु २१६३५६९/५५ बुझाउन बाँकी रहेको ।

५. सम्झौताको बुँदा नं. ११ मा परिसर भित्र रहेको सम्पूर्ण सामान सामाग्री पूर्वाधारहरुको संरक्षण मर्मत संभार गर्ने सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको रहनेछ भन्ने उल्लेख गरेकोमा सो बमोजिमको कार्यहरु नभएको ।

निर्णय नं. १३

यस नेपालगंज उप-महानगरपालिकाको रोजगार रणनिती २०८०-०८५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

यस नेपालगंज उप-महानगरपालिका रहेको दैलेखी बंगला र चिल्ड्रेन पार्कको अतिक्रमण हटाउनका लागि अन्तिम पटक ७ दिने सूचना प्रकाशन गर्ने र सो अवधिमा पनि खाली नगरेमा नियमानुसार खाली गराउने निर्णय गरियो ।

निर्णय नं. १५

"यस उप-महानगरपालिकाको वडा नं. २१ स्थित कान्जी हाउसमा रहेका पशु चौपाया (गाई गोरु) नेपालगञ्ज देखी सुर्खेत हुँदै दैलेख लैजाने क्रममा मिति २०७६/०५/१३ गते विहानको समयमा दुर्घटना हुन गई गाई गोरुहरुको मृत्यु भएको घटना प्रति गहिरो दुःख व्यक्त गरिनुका साथै उक्त भवितव्य दुखद् घटनाको सम्पूर्ण जिम्मेवारी लिने साथै यस कार्यालयमा कार्यरत नगर प्रहरी ईन्चार्ज सूर्य बोगटी लगायत कर्मचारी, ट्रक ड्राईभर र चितवन गुड्स क्यारियर्स नेपालगंज समेतलाई अनुसन्धानका क्रममा हिरासतमा राखी अनुसन्धान भैरहेको हुँदा सो मुद्दामा प्रतिवादी कायम गरिएका र गरिने व्यक्तिहरुको तर्फबाट प्रतिरक्षा तथा बहस पैरवी गर्दा लाग्ने पारिश्रमिक यस उप-महानगरपालिकाका कानुनी सल्लाहकार लोक बहादुर शाह र आवश्यकता अनुसार थप कानुन व्यवसायिको समेत परामर्श लिदा लाग्ने पारिश्रमिक र प्रतिवादी बाट धरौटी माग भएका बखत सो

मिति २०८०/०४/१८ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

धरौटी रकम सोको मुद्दा बहस पैरवी तथा आवतजावतमा लाग्ने खर्च समेतको आर्थिक दायित्व नेपालगंज उप-महानगरपालिकाले व्यहोर्ने" भनि नगरकार्यपालिकाको मिति २०७६/०५/२५ को निर्णय बमोजिम पेश्की प्रदान भएकोमा हालसम्म उक्त पेश्की फर्छ्यौट भएको नदेखिएकाले उक्त पेश्की फर्छ्यौटका लागि तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | पेश्कीको विवरण | निर्णय | कैफियत |
|---|---|---|---|
| १ | प्रतिवादी कायम भएका कर्मचारीहरुको धरौटी प्रयोजनका लागी उपलब्ध गराएको पेश्की सम्बन्धमा । | सम्बन्धित कर्मचारीलाई दाखिला गर्न जानकारी गराउने र दाखिला हुन नआएमा मासिक तलबबाट कट्टी गरी पेश्की फर्छ्यौट गर्ने। | |
| २ | ढुवानीमा प्रयोग भएका सवारी साधनहरुको हकमा धरौटी प्रयोजनका लागी उपलब्ध गराएको पेश्की सम्बन्धमा । | उक्त पेश्की रकम असुल उपरका लागी जिल्ला प्रशासन कार्यालयमा लेखि पठाउने । | |
| ३ | बहस पैरवी, ढुवानी, आवतजावत तथा विविध खर्चका लागी प्रदान गरिएको पेश्की सम्बन्धमा । | सम्बन्धित कर्मचारीलाई कागज प्रमाण पेश गर्न जानकारी गराउने र पेश हुन नआएमा मासिक तलबबाट कट्टी गरी पेश्की फर्छ्यौट गर्ने। | |

CamScanner